# मुख्य न्यायाधिवक्ताको आचारसंहिता, २०७८

**प्रस्तावनाः** मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत न्यायाधिवक्ता तथा कर्मचारीको काम, कर्तव्य र अधिकारको प्रयोगलाई व्यवस्थित, मर्यादित र सेवाप्रवाहलाई विश्वसनीय बनाउन वाञ्छनीय भएकाले,

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्वन्धी ऐन, २०७५ को दफा १७ ले दिइएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो आचारसंहिता बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचारसंहिताको नाम "मुख्य न्यायाधिवक्ताको आचारसंहिता, २०७८ रहेको छ ।

(२) यो आचारसंहिता कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्वाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा-

(क) "आचरण" भन्नाले मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता र कर्मचारीले पालना गर्नु पर्ने व्यवहार, चालचलन र चरित्र सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले कार्यालयको कर्मचारी सम्झनु पर्छ र सो शब्दले कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीलाई समेत जनाउँछ ।

(ग) "कार्यालय" भन्नाले मुख्यन्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश सम्झनुपर्छ ।

(घ) "न्यायाधिवक्ता" भन्नाले कार्यालयमा कार्यरत नेपाल न्याय सेवा, सरकारी वकील समुहो अधिकृत कर्मचारी सम्झन् पर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झन् पर्छ ।

(च) " मुख्य न्यायाधिवक्ता" नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

**३. मुख्य न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचरणः** (१) मुख्य न्यायाधिवक्ताले नेपालको संविधान, संघीय कानून तथा प्रदेश कानूनले सुम्पेको जिम्वेवारी पुरा गर्न तथा काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्न देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

(क) राष्ट्रको हित एवम् स्वार्थ र पदीय मर्यादालाई कायम राखी आफूलाई सुम्पिएको जिम्मेवारी तथा उत्तरदायित्व, स्वतन्त्र, निष्पक्ष र इमान्दारी पूर्वक बहन गर्ने ,

(ख) आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले राजनीतिक वा कुनै किसिमको कसैलाई प्रभाव नपार्ने र औहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवान्छित सम्पर्क नराख्ने,

(ग) आफ्नो कार्यसम्पादन वा कर्तव्यको पालना गर्दा कसैप्रति झुकाव, मोलाहिजा वा बदनियत नराखी आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा आउन सक्ने प्रभाव, दबाव, भनसुन, धम्की वा आग्रह-पूर्वग्रहबाट अभिप्रेरित वा प्रभावित नभई तथ्यको निरुपण र कानूनको सही प्रयोग स्वतन्त्र रुपमा गर्ने,

(घ) विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र, लिङ्ग र सम्प्रदायका मानिसहरु बीच वैमनस्यता उत्पन्न गर्ने, गराउने वा सामाजिक सदभावमा आँच आउने वा उनीहरुको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम नगर्ने र नगराउने,

(ङ) अदालत समक्ष विचाराधीन विषयलाई असर गर्ने, न्यायिक प्रक्रियामा आँच आउने वा कुनै व्यक्ति वा मुद्दाको अनुसन्धानमा असर पर्ने गरी जानाजान सार्वजनिक आलोचना वा टिप्पणी नगर्ने र अन्य कुनै अभिव्क्ति नदिने,

(च) कार्यालयको गोपनीयता भङ्ग हुने गरी कसैलाई कुनै कुराको जानकारी नदिने र तत्सम्वन्धी अन्य कुनै कुरा उपलब्ध नगराउने,

(छ) आफैले वा आफ्नो परिवारको सदस्य मार्फत दान, उपहार, चन्दा स्वीकार नगर्ने, सापटी वा आर्थिक लेनदेन नगर्ने, कुनै प्रकारको आर्थिक प्रलोभनमा नपर्ने र कमिसन वा गैरकानूनी रुपमा रकम प्राप्त नगर्ने,

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि "परिवारको सदस्य" भन्नाले मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता र कर्मचारीसँग बस्ने वा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बुवा, आमा र सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले निजको बाजे, बज्यै, सासु, ससुरा, एउटै निवासमा सँगै बस्ने अन्य नातेदार र घरमा राखेको कामदार वा सहयोगीलाई समेत जनाउँछ ।

(ज) नेपालको संविधान, संघीय कानून, प्रदेश कानून एवम् अन्तराष्ट्रिय कानूनका मान्य सिद्वान्त तथा मूल्य मान्यता प्रति पूर्ण प्रतिवद्व रही आफ्नो कार्यसम्पादन गर्ने ,

(झ) मानव अधिकार, महिला तथा बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, अपराधबाट पिडित र निज परिवारसँग सम्वन्धीत विषयमा गम्भिर एवम् सम्वेदनशील भई कार्य सम्पादन गर्ने,

(ञ) अदालतको संस्थागत एवम् कार्यगत स्वतन्त्रतालाई कायम राख्दै अदालत प्रतिको जनआस्था र जनविश्वासको अभिवृद्धि गर्न उच्चस्तरको आचरण प्रदान गर्ने,

(ट) आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य नहुने र अनावश्यक सम्पर्क वा सम्वन्ध नबढाउने,

(ठ) अदालतको विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा कार्यालयमा जानकारी दिई अलग रहने,

(ड) कार्यालयमा लैङ्गिक सम्वेदनशिलता कायम राखी महिला तथा बालबालिका, अपाङ्ग भएका व्यक्ति जेष्ठ नागरिक र विपन्न समुदायका व्यक्तिलाई सेवा प्रवाह गर्दा प्राथमिकता दिने ,

(ढ) कार्यालय समयमा व्यक्तिगत, असम्वन्धित वा अन्य कुनै क्रियाकलापमा संलग्न नहुने ।

तर कार्यालयको काममा वाधा नपर्ने गरी सार्वजनिक क्षेत्रमा सञ्चालित विश्वविद्यालय वा सार्वजनिक क्षेत्रमा तालिम, प्राज्ञिक वा शैक्षिक संस्थामा आफ्नो पेशा वा कार्यसँग सम्वन्धित विषयमा प्रशिक्षण दिन वाधा पर्ने छैन ।

(२) मुख्य न्यायाधिवक्ताले संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अबधारणा र न्यायका मान्य सिद्वान्तको पालना गर्दै आफ्नो ज्ञान र विवेकको प्रयोग गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

(३) मुख्य न्यायाधिवक्ताले कार्यसम्पादन गर्दा महिला तथा बालवालिका र लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाउनु पर्नेछ र लोकतन्त्र विधिको शासन र समावेशीताको मूल्य मान्यता प्रति पूर्ण प्रतिवद्ध हुनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम कार्य सम्पादन गर्दा मुख्य न्यायाधिवक्ताले नेपाल सरकार र प्रदेश सरकारको विरुद्वमा सार्वजनिक रुपमा लेखेर वा आलेर अभिव्यक्ति दिन पाउने छैन ।

**४. न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचरणः-** (१) न्यायाधिवक्ताले देहायका आचरणको पालना गर्नु पर्नेछ :-

(क) सधैं राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानूनको अधीनमा रही आफ्नो पदीय जिम्मेवारीको पालना गर्ने,

(ख) नेपालको संविधानद्वारा प्रदत्त हक, अधिकार संरक्षण र सम्बर्द्धन गर्दै नेपाल सरकार र प्रदेश सरकारप्रति बफादार रहि आफ्नो सेवा मर्यादा र गरिमामा आँच पुग्ने गरी कुनै पनि काम नगर्ने र नगराउने,

(ग) आफ्नो पद तथा सेवालाई मर्यादित बनाउन सदैव सकारात्मक रही सबैसँग शिष्ट तथा मर्यादित व्यवहार गर्ने,

(घ) आफ्नो पद अनुरुपको जिम्मेवारी तदारुकताकासाथ निर्वाह गर्ने ,

(ङ) न्यायाधिवक्ताले पालना गर्नुपर्ने आचरण सम्वन्धी वेग्लै कानूनी व्यवस्था भएकोमा त्यस्तो कानूनमा उल्लिखित आचरणको समेत पालना गर्ने ,

(च) जात, जाति, धर्म, भाषा, लिङ्ग, उमेर, भौगोलिकता, राजनीतिक वा सामाजिक हैसियत, दृष्टिकोण, पहुँच वा सम्वन्ध, शारीरिक अवस्था, वैवाहिक स्थिति वा अन्य कुनैपनि आधारमा भेदभाव नगरी सबैलाई उचित र समान व्यवहार गर्ने,

(छ) कार्यालय समयमा व्यक्तिगत, असम्वन्धित वा अन्य कुनै क्रियाकलापमा संलग्न नहुने,

तर कार्यालयको काममा बाधा नपर्ने गरी सार्वजनिक क्षेत्रमा सञ्चालित विश्वविद्यालय वा सार्वजनिक क्षेत्रमा तालिम, प्राज्ञिक वा शैक्षिक संस्थामा आफ्नो पेशा वा कार्यसँग सम्वन्धित विषयमा प्रशिक्षण दिन बाधा पर्ने छैन ।

(ज) प्रचलित कानून बमोजिम गोप्य मानिने सुचनाको जानकारी कसैलाई नदिने,

तर कार्यालयवाट सार्वजनिक गरिएको विषयमा सूचना दिन कुनै वाधा पर्ने छैन ।

(झ) कार्यालय प्रमुख, प्रवक्ता वा सूचना अधिकारीले बाहेक अधिकार प्राप्त नगरी कार्यालयको काम कारवाहीसँग सम्वन्धित विषयमा कुनै पनि सञ्चारका साधन मार्फत नाम गोप्य राखेर वा नराखेर कुनै सूचना , वक्तव्य वा अन्तवार्ता नदिने,

(ञ) आफ्नो पदिय जिम्मेवारी पालना गर्दा कसैको अनुचित प्रभाव, प्रलोभन, दबाव, भनसुन वा कुनै आग्रहबाट प्रभावित नभई कुनै पनि किसिमको पूर्वाग्रह वा द्वेष नराखी स्वतन्त्र र निष्पक्षताका साथ मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा गर्ने ,

(ट) आफ्नो पदिय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति वा संस्थासँग लेनदेन व्यवहार नगर्ने, कुनै उपहार, दान वा चन्दा स्वीकार नगर्ने र जुनसुकै प्रयोजनको लागि चन्दा, दान वा सहयोग उठाउने काममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न नहुने,

(ठ) आफ्नो झुकाव रहेको वा नाता पर्ने व्यक्ति संलग्न रहेको मुद्दाको बहस पैरवी नगर्ने र बहस पैरवी गर्नु परेमा आफ्नो कार्यालय प्रमुख वा कार्यालयलाई पूर्व जानकारी दिने,

(ड) कुनै पनि राजनीतिक दल वा कुनै दलको नेता समर्थन वा विरोधमा कुनै विचार व्यक्त नगर्ने र कसैलाई समर्थन वा विरोध गर्नको लागि प्रभावमा नपार्ने,

(ढ) कार्यालयमा लैङ्गिक सम्वेदनशिलतालाई ध्यानमा दिई महिला तथा बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नगरिक र विपन्न समुदाय व्यक्तिलाई सेवा प्रवाह गर्दा प्राथमिकता दिने ।

(२) न्यायाधिवक्ताले आफूले बहस पैरवी गर्दा संविधान, कानून, नजिर तथा सिद्वान्त लगायत सम्वन्धित सबै कानूनको जानकारी राख्नु पर्नेछ ।

(३) न्यायाधिवक्ताले बहश पैरवी गर्दा एक आपसमा मर्यादित व्यवहार गर्नु पर्नेछ  र अग्रजले दिएको निर्देशनलाई शीघ्रताका साथ पालना गर्नु पर्ने छ ।

(४) न्यायाधिवक्ताले विपक्षीको तर्फवाट बहस पैरवीमा उपस्थित हुने कानून व्यवसायी प्रति मर्यादित र शिष्ट भाषा, शैलीमा व्यवहार गर्नु पर्नेछ ।

(५) न्यायाधिवक्ताले समाजमा निन्दनीय हुने कुनै कार्य वा व्यवहार प्रर्दशन गर्नु हुँदैन ।

(६) न्यायाधिवक्ताले नेपाल सरकार, प्रदेश सरकार र निजामती सेवा प्रति जनविश्वास अधिवृद्धि गर्न सदैव प्रयत्नशील रहनु पर्नेछ ।

**५. कर्मचारीले पालना गर्नु पर्ने आचरणः** (१) कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ :-

(क) नेपालको संविधान, जनताको सार्वभौमसत्ता, विधिको शासन, लोकतान्त्रिक मूल्य र मान्यताका अतिरिक्त प्रचलित नेपाल कानूनको परिपालना, उच्च सम्मान र संरक्षण गर्ने,

(ख) कार्यालयमा कार्यरत कर्मचारीहरु बीच एक आपसमा आदरभावले व्यवहार गर्ने र कार्यालयको कार्यसम्पादन निष्ठापूर्वक तथा ईमान्दारीका साथ पूरा गर्ने,

(ग) कार्यालय समयमा व्यक्तिगत कामकाज तथा अनाधिकृत व्यक्तिसँग भेटघाट नगर्ने र कार्यालय प्रमुखको अनुमति विना कार्यालय नछोड्ने,

(घ) आफ्नो जिम्मामा रहेको जिन्सी सामान, नगद, फाइल, औजार, उपकरण र सवारी साधनको सुरक्षा गर्ने र मालसामान दुरुपयोग गर्ने मनसायले विगार्ने वा मास्ने काम नगर्ने,

(ङ) कुनै दवाव वा प्रभावमा परी कार्यालयमा प्रचलित कानूनले निषेधित गरेको कुनै पनि कार्य नगर्ने र नगराउने ।

(२) कर्मचारीले कार्यालयको सूचना अनाधिकृत रुपमा प्रवाह गर्न वा कार्यालयको गोपनीयता भङ्ग गर्नु वा गराउनु हुँदैन ।

(३) कर्मचारीले कार्यालयमा लैङ्गिक संम्वेदनशिलता कायम राख्दै महिला तथा बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र विपन्न समुदायका व्यक्तिलाई सेवा प्रवाह गर्दा प्राथमिकता दिनु पर्नेछ ।

(४) कर्मचारीले संघीय निजामती सेवा ऐन तथा प्रदेश निजामती सेवा ऐनले दिएको ट्रेड युनियनको अधिकार उपयोग गर्न सक्नेछ ।

**६. आचारसंहिता उपलब्ध गराउनु पर्नेः** कार्यालयले मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता र कर्मचारी कार्यालयमा बहाल हुनासाथ यो आचारसंहिता उपलब्ध गराउनु पर्नेछ ।

**७. आचारसंहिता पालना गर्नु पर्नेः** मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता र कर्मचारीले यस आचारसंहिताको पालना गर्नु पर्नेछ ।

**८. अनुगमन सम्वन्धी व्यवस्थाः** (१) यस आचासंहिताको पालना भए नभएको सम्वन्धमा मुख्य न्यायाधिवक्ताको हकमा मुख्यमन्त्री वा निजले तोकेको मन्त्री वा प्रमुख सचिवले र न्यायाधिवक्ता तथा कर्मचारीको हकमा मुख्य न्यायाधिवक्ताले नियमित रुपमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता वा कर्मचारीले यस आचारसंहिताको उल्लङ्घन गर्ने मुख्य न्यायाधिवक्ता, न्यायाधिवक्ता वा कर्मचारीलाई आचारसंहिता उल्लंघनको अवस्था अनुसार सचेत गराई अभिलेख राखिने छ ।